धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८ ◆ २०८३ साउन ८ गते शुक्रबार, Friday, July 24, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## कुम्पुर स्वास्थ्य चौकीको नवनिर्मित भवन उद्घाटन, स्वास्थ्य सेवा विस्तारमा गाउँपालिकाको प्रतिबद्धता

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । स्थानीय नागरिकलाई सहज, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको कुम्पुर स्वास्थ्य चौकीको नवनिर्मित भवन गाउँपालिका अध्यक्ष परशुराम खतिवडाले उद्घाटन गर्नुभएको छ। उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष खतिवडाले स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भएकाले गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक भौतिक पूर्वाधार निर्माण तथा सेवा विस्तारमा विशेष जोड दिइरहेको बताउनुभयो । उहाँले नवनिर्मित भवन सञ्चालनमा आएपछि कुम्पुर क्षेत्रका नागरिकले सुरक्षित, व्यवस्थित र सहज रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो। साथै, भवन निर्माणसँगै स्वास्थ्य सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक जनशक्ति, उपकरण तथा औषधिको व्यवस्थापनमा पनि गाउँपालिकाले ध्यान दिने बताउनुभयो ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिशा आचार्यले स्वास्थ्य चौकीको भौतिक पूर्वाधार विकाससँगै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारी र स्वास्थ्यकर्मीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले स्वास्थ्य चौकीमा आउने सेवाग्राहीलाई सहज, सुरक्षित र सम्मानजनक वातावरणमा सेवा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । साथै, स्थानीय तहबाट उपलब्ध स्वास्थ्य सेवाको पहुँचलाई अझ प्रभावकारी बनाउँदै सामान्य स्वास्थ्य सेवाका लागि नागरिकले टाढा धाउनुपर्ने बाध्यता अन्त्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । वडा नं. ६ का वडा अध्यक्ष सुरेन्द्रकुमार मगरले नवनिर्मित भवनले वडावासीलाई स्वास्थ्य सेवा लिन थप सहज हुने बताउनुभयो । उहाँले स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न हुनु वडाका नागरिकका लागि महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै भवनको संरक्षण, सेवा प्रवाहको प्रभावकारिता तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरताका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

उद्घाटन समारोहका अवसरमा भवन निर्माणका लागि जग्गा उपलब्ध गराउनुहुने स्थानीय समाजसेवी इन्द्रबहादुर घलेलाई सम्मान गरिएको थियो। वडा अध्यक्ष सुरेन्द्रकुमार मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका अध्यक्ष परशुराम खतिवडा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिशा आचार्य, जनस्वास्थ्य कार्यालय धादिङका प्रमुख अर्जुन पौडेल, गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शंकरबाबु दुवाडीलगायत जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी तथा स्थानीयवासीको उपस्थिति रहेको थियो ।

## कांग्रेसमा सबैलाई मिलाएर लैजानुपर्नेछ : सभापति थापा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीमा चार पुस्ताका साथीहरू सँगसँगै रहेकाले आफूले सबैलाई मिलाएर लैजाने बताउनुभएको छ । कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले ४४औँ बिपी स्मृति दिवसको अवसरमा बिहीबार आयोजना गरेको कार्यक्रममा उहाँले मुलुकको पछिल्लो परिस्थितिअनुसार नयाँ चिन्तन र सोचलाई पनि आत्मसाथ गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीमा भित्र र बाहिर सरकारका निर्वाचनमा मात्र बढी केन्द्रित हुने प्रवृत्ति बढेको उल्लेख गर्दै सभापति थापाले बिपीको आदर्श र त्यागबाट सिकेर निर्वाचन तथा राजनीतिसँगै परोपकार सेवा र कल्याणका काममा जोडिन नेताकार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "रिलबाट निस्केर रियल लाइफमा हेर्नुस्, अनिमात्र सर्वसाधारण जनताका आवाज सुनिनेछन् । दुःखमा कांग्रेसले साथ दिन्छ भन्ने सन्देश दिने गरी काममा लाग्नुस् ।" उहाँले तीन तहका सरकारमध्ये कांग्रेस प्रदेश र स्थानीय तहका सरकारमा रहेको उल्लेख गर्दै सङ्घीय सरकारमा मात्र प्रतिपक्षमा रहेको अवस्थामा आफ्नो क्षेत्रबाट जनजिविकाका सवालमा दत्तचित्त भएर अघि बढ्न आग्रह गर्नुभयो । सभापति थापाले आगामी भदौ २४ गते बिपी जन्मजयन्तीको अवसर पारेर पार्टीका प्रत्येक सदस्य र समितिललाई मुलुक र जनताका लागि कुनै न कुनै प्रतिज्ञा गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा उपभापति विश्वप्रकाश शर्माले बिपीका आदर्श, विचार र संस्कारलाई आत्मसाथ गर्न सबैलाई आजका दिनमा आफ्ना क्षेत्रमा शिक्षक बन्ने सङ्कल्प बन्ने प्रण गर्न आग्रह गर्नुभयो । उहाँले पछिल्लो समय मुलुकमा जलवायुका असरबाट ठुला विपद्का घट्ना बढ्दै गरेको बताउँदै न्यूनीकरणका लागि सबैले आफ्नो ठाउँबाट पहल गर्नुपर्ने र त्यसका लागि कांग्रेसले पनि पहल सुरु गरिसकेको बताउनुभयो ।

अर्का उपभापति पुष्पा भुसालले विशेष महाधिवेशनले पार्टी विधानलाई नयाँ ढङ्गले अघि बढाएको उल्लेख गर्दै विधानमा भएको राजनीतिक निर्वाचन ब्युरो संयन्त्रले निर्वाचनका बेला देखिने समस्या समाधान गर्ने, समावेशी बनाउन थप सहयोग गर्ने र सबैको अपनत्व जगाउने बताउनुभयो । उहाँले आगामी स्थानीय तहको निर्वाचनमा प्रमुखमा महिला उम्मेदवार बनाउने र त्यसका लागि प्रशिक्षित गर्ने समेत बताउनुभयो । महामन्त्री प्रदीप पौडेलले जनताका समस्या कांग्रेसले आफ्नो एजेण्डाका रूपमा प्रस्तुत गर्ने वाचा गर्दै सिर्जनात्मक ढङ्गबाट पार्टीलाई अघि बढाउन खोजेको उल्लेख गर्नुभयो । उहाँले पार्टीमा प्रवेश गर्नका लागि कसैलाई कुनै पनि बन्देज नरहेको स्पष्ट पार्दै नयाँ विधानअनुसार ३५ वर्ष कम उमेरका २१ जनालाई केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने व्यवस्था समेत गरेको बताउनुभयो ।

महामन्त्री पौडेलले क्रियाशील सदस्यतालाई व्यवस्थित बनाउन अद्यावधिक गरिएको बताउँदै हालसम्म ८० प्रतिशतभन्दा बढीले अद्यावधिक गरिरहेको उल्लेख गर्नुभयो ।

## एक वर्षमा एक हजार ८७६ मुद्दा दर्ता

❑ *प्रत्यूष समाचारदाता*

चितवन । चितवनमा गत आर्थिक वर्ष २०८२/८३ मा एक हजार ८७६ वटा मुद्दा दर्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय र मातहतका इलाका प्रहरी कार्यालयमा ती मुद्दा दर्ता भएका हुन् । प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार दर्ता भएका मुद्दामध्ये एक हजार २९२ मुद्दा फछ्र्यौट भएको छ । पाँच सय ८४ मुद्दा बाँकी रहेको उहाँले जानकारी दिनुभयो। कर्तव्य ज्यान, करणी, सार्वजनिक हितविरुद्धको कसुर, बैंकिङ कसुर, लागुऔषध, आत्महत्या, चोरी, सवारी ज्यानसम्बन्धी सहितका अपराधका मुद्दा दर्ता भएका हुन्।

गत आर्थिक वर्षमा जिल्लाका सात पालिकामध्ये भरतपुर महानगरपालिकामा सबैभन्दा धेरै अपराधका घटना भएको उहाँले जानकारी दिनुभयो ।

उपरीक्षक पौडेलका अनुसार त्यस अवधिमा भरतपुर महानगरपालिकामा एक हजार १६० वटा अपराधका घटना भएका थिए । कालिका नगरपाकिलामा २३२, रत्ननगर नगरपालिकामा १४३, माडी नगरपालिकामा ९९, खैरहनी नगरपालिकामा ९३ र राप्ती नगरपालिकामा ७० वटा अपराधका घटना भएका छन् । यस्तै, इच्छाकामना गाउँपालिकामा ७९ वटा अपराधका घटना भएका छन् । कर्तव्य ज्यानसम्बन्धी तीन वटा, करणी सम्बन्धी ४५ वटा, सार्वजनिक हितविरुद्धको कसुरमा २६४ वटा, बैंकिङ कसुरमा १९२ वटा मुद्दा दर्ता भएका छन् । यस्तै, लागुऔषधका ३४१ वटा, आत्महत्या का घटना ४७४ वटा, चोरीका घटना ८८ वटा, सवारी ज्यानमुद्दाका ९८ वटा र अन्य प्रकृतिका अपराधमा ३७० वटा घटना भएका थिए ।

उपरीक्षक पौडेलका अनुसार दर्ता भएका मुद्दामा एक हजार ५५१ जना पकाउ गरी आवश्यक कारवाहीका लागि जिल्ला अदालत पेस गरिएको छ । ती मुद्दामा संलग्न भएको अभियोग लागेका ६३३ जना अझै फरार रहेको प्रहरीले जनाएको छ ।

## वरिष्ठ पत्रकारद्वय गुरागाई र श्रेष्ठ पुरस्कृत

काठमाडौँ । वरिष्ठ राजनीतिज्ञ एवं साहित्यकार प्रदीप नेपालको स्मृतिमा स्थापना गरिएको 'प्रदीप नेपाल स्मृति पत्रकारिता पुरस्कार' वरिष्ठ पत्रकार गोपाल गुरागाईंलाई प्रदान गरिएको छ।

समाजवादी प्रेस सङ्गठन नेपालद्वारा बिहीबार आयोजित कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले गुरागाईंलाई उक्त पुरस्कार प्रदान गर्नुभयो । सो पुरस्कारको राशि रु ५० हजार रहेको छ । 'सुरेश रजक फोटो पत्रकारिता पुरस्कार' वरिष्ठ फोटो पत्रकार नरेश श्रेष्ठलाई प्रदान गरिएको छ । सो पुरस्कारको राशि रु २५ हजार रहेको छ। कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका सहसंयोजक नेपालले नेपालको संविधान को प्रस्तावनामा उल्लेख भएअनुसारको पूर्ण प्रेस स्वतन्त्रतालाई व्यवहारमा उतार्न वातावरण सिर्जना गर्न सरकारसँग आग्रह गर्नुभयो । उहाँले संविधान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र राजनीतिक उपलब्धिको रक्षार्थ परिवर्तनकारी शक्ति एकताबद्ध हुनुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो ।

समाजवादी प्रेस सङ्गठनका अध्यक्ष शम्भु श्रेष्ठले नेपाली पत्रकारिताको विकास र प्रेस स्वतन्त्रताको आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका वरिष्ठ पत्रकारलाई पुरस्कृत गर्न पाउँदा गौरवान्वित भएको बताउनुभयो ।

## प्रधानन्यायाधीश शर्मा भारत प्रस्थान

काठमाडौँ । प्रधानन्यायाधीश डा मनोजकुमार शर्मा मित्रराष्ट्र भारत प्रस्थान गर्नुभएको छ। उहाँका भारतीय समकक्षी सूर्य कान्तको मैत्रीपूर्ण निमन्त्रणामा बिहीबार त्यसतर्फ प्रस्थान गर्नुभएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

भ्रमणका क्रममा प्रधानन्यायाधीश डा शर्माले उहाँका भारतका प्रधान-न्यायाधीश कान्तसँग दुईपक्षीय भेटवार्ताका साथै भारतको सर्वोच्च अदालतको अवलोकन भ्रमण गर्ने कार्यक्रम तय भएको छ । उहाँ भ्रमणपश्चात् यही साउन ११



गते स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ । उक्त भ्रमण दलमा प्रधानन्यायाधीश शर्माकी धर्मपत्नी उमा शर्मा र सह-रजिस्ट्रार अमित उप्रेती सहभागी हुनुहुन्छ ।

## नेपाल-दक्षिण कोरिया शिक्षा सहकार्य विस्तारबारे शिक्षामन्त्री र राजदूतबीच छलफल

काठमाडौँ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि गणतन्त्र कोरिया (दक्षिण कोरिया)का राजदूत पार्क तइ योङले शिक्षा तथा प्राविधिक शिक्षामा द्विपक्षीय सहकार्य विस्तारका विषयमा छलफल गर्नुभएको छ ।

सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा बिहीबार भएको छलफलमा नेपाल-दक्षिण कोरियाबीचको ऐतिहासिक सम्बन्ध, शिक्षा क्षेत्रमा कोरिया सरकारको सहयोग, सूचना प्रविधि तथा प्राविधिक शिक्षामा आगामी सहकार्यका सम्भावनाबारे विचार विमर्श भएको मन्त्रालयले जनाएको छ ।

भेटका क्रममा मन्त्री पोखरेलले आर्थिक समृद्धि र बेरोजगारी न्यूनीकरणका लागि प्राविधिक शिक्षामा लगानी बढाउनु आवश्यक रहेको बताउँदै आगामी पाँच वर्षभित्र कुल बजेटको १५ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्ने लक्ष्यसहित सरकार अघि बढिरहेको जानकारी दिनुभयो। उहाँले कृत्रिम बौधिकता (एआई) को विकास भए पनि दक्ष प्राविधिक जनशक्तिको आवश्यकता कायम रहने उल्लेख गर्दै यस क्षेत्रमा लगानी विस्तार गरिने बताउनुभयो ।

विद्यालय तथा उच्च शिक्षामा प्राज्ञिक स्वायत्तता सुदृढ गर्ने, विश्वविद्यालयबीच 'फ्याकल्टी एक्सचेन्ज' कार्यक्रम सञ्चालन गर्ने तथा कोरियाली र नेपाली कम्पनीबीच सहकार्यमार्फत प्राविधिक शिक्षाको विकास गर्न सकिने धारणा पनि उहाँले राख्नुभयो ।

दक्षिण कोरिया सरकारले नेपालमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक शिक्षाको विकासमा सहयोग गर्दै आएको छ। विभिन्न विश्वविद्यालयसँगको सहकार्यका अतिरिक्त मधेस र गण्डकी प्रदेशमा पोलिटेक्निक संस्थानको पूर्वाधार निर्माणमा पनि कोरियाको सहयोग जारी छ । राजदूत पार्क तइ योङले शिक्षा, कृषि, सूचना प्रविधिलगायत



क्षेत्रमा दक्षिण कोरियाले नेपाललाई निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै नेपालको शिक्षा सुधार र आर्थिक रूपान्तरणमा आफ्नो सरकार सहकार्यका लागि प्रतिबद्ध रहेको बताउनुभयो। शिक्षा क्षेत्रमा उच्च प्राथमिकता दिएका कारण दक्षिण कोरियाले छोटो समयमै आर्थिक विकास हासिल गरेको उल्लेख गर्दै राजदूत योङले आफ्नो सरकारले कुल बजेटको करिब १५ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्दै आएको जानकारी दिनुभयो ।

सम्पादकीय ....

## आँखाको सुरक्षामा ध्यान

बालबालिकालाई गाजर सागपात, अण्डा, दूध, आँप, कागती, गोलभेँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ । भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्दत गर्छ । उनीहरुलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनु हुँदैन, यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आँउछ । स्क्रिन धेरै नजिक राख्न र अध्यारोमा मोबाइल चलाउन दिनुहुँदैन । बालबालिकाको आँखालाई धुलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चस्मा लगाइदिने, धुलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धुलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन । जथाभावी आँखा मिच्दा आँखामा सङ्क्रमण हुनसक्छ । साबुनपानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ ।

आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्याग्नुपर्छ । अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुमपानको आदत हनुहुँदैन । यसले आँखाको नसामा असर गर्छ । रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउने हुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ । आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहबिना नै आइ–ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन ।

आँखा पोल्यो वा धुलो परयो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन् । धुलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चस्मा लगाउनुपर्ने हुन्छ ।

सामान्यतः दिनमा एक–दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धुलो, धुवाँको सङ्क्रमण हुन पाउँदैन । यसो गर्नु हुँदैन, सफा पानीले विस्तारै पखाल्नुपर्छ । सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ । पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन । धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ । सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन । आँखा थाकेपछि आराम दिनुपर्छ । आँखालाई आराम दिन दैनिक सात–आठ घण्टा सुत्नुपर्छ । लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ ।

आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक परीक्षण आँखाको जाँच गराउने गर्नुपर्छ । दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सक कहाँ जानुपर्छ ।

चस्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ । पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ । पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ । कुनै समस्या नदेखिए पनि हरेक एक–दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३,धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## यसरी सम्भव छ बाह्रैमास पर्यटन

राम थापा

कुनैताका वर्षायाम र मध्य जाडोमा पोखरामा पर्यटकीय गतिविधि शून्य प्रायः हुन्थ्यो । पोखराको निर्भरता मौसमी पर्यटनमा थियो । यहाँको पर्यटन बजारलाई 'सिजन' र 'अफसिजन'मा छुट्टाउने गरिन्थ्यो । अहिले पोखराको पर्यटन कुनै याममा मात्र सीमित छैन । 'सबै मौसममा पर्यटन'को लक्ष्यतर्फ पोखरा अग्रसर छ । अहिले वर्षात्को बेला छ । पर्यटन व्यवसायी यसलाई 'अफसिजन' भन्न नहुने तर्क गर्छन् । पछिल्लो समय पर्यटक कम आउने यामलाई 'लो–सिजन' र मुख्य पर्यटकीय यामलाई 'हाइ–सिजन' भन्ने गरिएको छ ।

पहिलेपहिले वर्षायाम (असार–भदौ) र मध्यजाडो (पुस–माघ)लाई पर्यटनमा 'अफसिजन' मानिन्थ्यो । त्योबेला पोखराको लेकसाइडमा प्रायः होटल, रेष्टुराँ बन्द हुन्थे । व्यवसायीले कर्मचारी/कामदारलाई बिदा दिन्थे । विदेशी पर्यटक देख्नु/भेट्नु दुर्लभ जस्तै थियो तर अहिले त्यही याममा लेकसाइडका होटलको 'अकुपेन्सी' २० प्रतिशतसम्म छ । 'हाइ–सिजन'मा भने यो दर ९५ प्रतिशतसम्म पुग्ने गरेको छ । होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका भनाइमा निजी क्षेत्र, राज्यका निकायलगायत सबैको साझा प्रयासमा पोखराको पर्यटन यहाँसम्म आइपुगेको हो । "मैले नै होटल व्यवसाय सुरु गर्दा वर्षात् र जाडो याममा लेकसाइड झण्डै बन्दै जस्तो हुन्थ्यो, कतिपय होटल घरका सदस्य मात्रले चलाउँथे, स्तरीय होटल खुलिसकेका थिएनन्", उहाँले भन्नुभयो, "बाह्रैमास पर्यटकीय गतिविधि हुन थालेपछि होटलमा लगानी थपियो, रोजगारी पनि बढ्यो, अहिले पोखराको पर्यटन क्षेत्रमा आठ खर्ब बराबरको लगानी रहेको अनुमान छ ।" वर्षायाममा होटलको 'अकुपेन्सी' २० प्रतिशतसम्म हुनुलाई सन्तोषजनक मान्नुपर्ने अध्यक्ष सुवेदीले बताउनुभयो । गर्मी छल्न आउने भारतीयसहित विदेशी र आन्तरिक पर्यटकका कारण 'लो–सिजन'मा पनि पोखराको पर्यटन केही चलायमान भएको उहाँको भनाइ छ ।

हरेक मौसममा पोखरामा हुने पर्यटकीय गतिविधिले 'बाह्रमासे पर्यटन'लाई टेवा दिइरहेको अध्यक्ष सुवेदीले बताउनुभयो । असार १५ को रोपाइँ महोत्सवदेखि नयाँ वर्षका बेला हुने सडक महोत्सवसम्मले पोखरामा पर्यटकलाई आकर्षित गर्ने गरेको उहाँको भनाइ छ । "यस्तो बर्खामा पनि पोखरामा प्याराग्लाइडिङ भइरहेको छ, लेकसाइडमा भारतीयसहित तेस्रो मुलुकका पर्यटक पनि ओहोरदोहोर गरिरहेको देख्न सकिन्छ", अध्यक्ष सुवेदीले भन्नुभयो, "यसले पोखराको पर्यटन बजार बाह्रैमास चल्छ भन्ने देखाएको छ ।"

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले नेपाल हरेक याममा घुम्नलायक गन्तय हो भन्ने सन्देश पोखराले दिइरहेको बताउनुभयो । मनसुन यामलाई लक्ष्य गरी पर्यटन प्रवर्द्धनका गतिविधि गर्न सके यो बेला पोखरामा थप पर्यटक भित्र्याउन सकिने उहाँको भनाइ छ । "गर्मी छल्न र मनसुनमा घुम्न रुचाउने भारतीयसहित गर्मी भूभागमा बस्ने आन्तरिक पर्यटकलाई पनि यो बेला पोखरा ल्याउने योजना बनाउनुपर्छ", उहाँले भन्नुभयो, "यसका लागि पोखरासम्मको हवाई सञ्जाल विस्तार, स्तरीय सडक यातायात र पर्यटकीय पूर्वाधार निर्माणमा राज्यले लगानी बढाउनुपर्छ ।" पर्यटकीय राजधानी पोखरालाई बाह्रैमास उत्तिकै चलायनमान गराउने गरी नीतिगत र संरचनागत प्रबन्ध गर्नुपर्नेमा उहाँको जोड छ । "पोखराको पर्यटनमा जुन स्तरमा लगानी भएको छ, त्यही रुपमा निजी क्षेत्रले लाभ उठाउन सकिरहेको छैन", परिषद्का पूर्वअध्यक्ष श्रेष्ठले भन्नुभयो, "राज्यले पनि निजी क्षेत्रलाई प्रोत्साहन हुने गरी नीति तथा कार्यक्रम ल्याउनुपर्छ, पर्यटन विकासमा सबैको ऐक्यबद्धता र अठोट चाहिन्छ ।" उहाँले मुस्ताङ, मनाङजस्ता ठाउँमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि हुन सकेमा पर्यटक आकर्षित गर्न सकिने बताउनुभयो ।

"पर्यटकका लागि सुरक्षा पहिलो शर्त हुने भएकाले गन्तव्यसम्म जाने सडक सुरक्षित र व्यवस्थित हुन सकेमा जुनसुकै मौसममा पनि पर्यटक आउँछन्", उहाँले भन्नुभयो, "वर्षायाममा पनि पूर्वाधार, बाटाघाटो सुरक्षित छन्, यातायात सेवा प्रभावित हुँदैन भन्ने सुनिश्चित चाहिँ राज्यले गर्नुपर्छ ।" नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले धेरै गर्मी हुने भारतसहित मध्यपूर्वी देशका पर्यटकलाई यस याममा नेपाल भित्र्याउन सके पर्यटन क्षेत्र थप चलायमान हुने बताउनुभयो ।

"धेरै कम पानी पर्ने र अत्यधिक गर्मी हुने मध्यपूर्वका देशबाट पर्यटक पोखरामा ल्याउन सकियो भने उनीहरुले यहाँ बटुल्ने अनुभव पक्कै अद्भुत खालको हुन्छ", उहाँले भन्नुभयो, "मनसुन पदयात्रामार्फत पनि पर्यटकलाई पोखरादेखि नजिकका गन्तव्यमा पुर्याउन सकिन्छ ।" वर्षात्का बेला बेग्लै देखिने भूगोलको परिदृश्य, छिनछिनमा फेरिइरहने मौसम, हरिया डाँडापाखा, लेकतिर फुल्ने बुकीफूल, ग्रामीण जनजीवन आदिले यो याममा पर्यटकलाई आकर्षित गर्ने प्रमुख लामिछानेले बताउनुभयो ।

"झरी परिरहेका बेला छाता ओढाएर पर्यटकलाई हिँडाउन सकिन्छ, हिलोमा खेलिने विभिन्न खेल गतिविधिमा पनि पर्यटकलाई भुलाउन सकिन्छ", उहाँले भन्नुभयो, "कोही पर्यटक झरीमा ड्राइभिङ गर्न रुचाउने खालका हुन्छन्, तिनका लागि पनि पोखरा उपयुक्त गन्तव्य बन्न सक्छ ।" वर्षात्को याममा प्रकृतिको बेग्लै अनुभूति बटुल्न पाइने हुँदा सौखिन र खर्चालु पर्यटक मनसुन पदयात्रामा बढी लालायित हुने गरेको उहाँको भनाइ छ । उहाँले पोखरा मात्र नभएर नेपालका अधिकांश गन्तव्यमा बाह्रैमास पर्यटक पुर्योउन सकिने बताउनुभयो ।

"मुख्य रुपमा भारतीय पर्यटकलाई लक्षित गर्नुपर्छ, यसवर्ष अहिलेसम्मकै धेरै भारतीय पर्यटक पोखरा आए, नेपालीहरुमा पनि घुम्ने संस्कृति बढ्दो छ", उहाँले भन्नुभयो, "पर्यटन बोर्डले पनि निजी क्षेत्रसँग मिलेर पर्यटन प्रवर्द्धनका काम गरिरहेको छ, तर यो पर्याप्त छैन, राज्यसँग पनि स्रोतसाधनको कमी छ ।" ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले सम्भावना भएर पनि नेपालमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि खासै हुन नसकेको बताउनुभयो । डोल्पा, मनाङ, मुस्ताङलगायत उपल्लो भेगमा यस याममा पनि पदयात्राका गतिविधि सञ्चालन गर्न सकिने उहाँको भनाइ छ । "पर्यटनलाई बाह्रैमास चलायनमान बनाउने गरी नीति र प्रवर्द्धनका कार्यक्रम ल्याउनु आवश्यक छ, निजी क्षेत्रले मात्र चाहेर हुँदैन, यसमा सरकारले नै पहल लिनुपर्छ", उहाँले भन्नुभयो, "मनसुनमा पनि घुमफिर गर्न रुचाउने, आनन्द लिने पर्यटक हुन्छन्, तर उनीहरुलाई आकर्षित गर्न सकिएको छैन ।" उच्च पहाडी र हिमाली भेगमा कम पानी पर्ने भएकाले यो याममा पदयात्रा गर्न कुनै समस्या नहुने उहाँको भनाइ छ । यातायातको सहज सुविधा नहुँदा र प्रवर्द्धन नभएका कारणले मनसुन याममा पर्यटकीय गतिविधि न्यून हुने गरेको अध्यक्ष आचार्यले बताउनुभयो । "वर्षायाम भनेपछि पानी पर्छ, बाटाघाटो बिग्रन्छ, हिमाल खुल्दैन भन्ने भाष्य बनेकाले पनि पर्यटकीय गतिविधि कम हुने गरेको छ", उहाँले भन्नुभयो, "यही याममा आधारित पर्यटन गतिविधि सञ्चालन गर्न सकिन्छ, तर यसमा सम्बद्ध निकायको चासो कम देखिन्छ ।"

मनसुनमा घुमघाम

वर्षायाममा मानिसहरु हत्तपत्त घुमफिरमा निस्कँदैनन् । सामान्यतया यो बेला पर्यटकीय गतिविधि न्यून हुने गर्छन् । तर केही यस्ता गन्तव्य छन्, जहाँको पर्यटन यही याममा बढी चलायमान हुन्छ । मनसुन पदयात्रामा बढ्दो आकर्षणले कास्कीको कोरी, बागलुङको ढोरपाटन, पूर्वीरुकुमको चुङ्गीबुकीलगायतका गन्तव्यमा मध्यबर्खामा पनि पर्यटकीय चहलपहल बढेको हो ।

उच्च पहाडी भेगका पाटन र खर्कमा फूल्ने बुकीफूल, लेकाली जनजीवन, वर्षात्मा हरियै देखिने डाँडापाखा, रिमझिम वर्षा र बादलभित्र लुकामारी खेल्ने हिमालको सौन्दर्य नियाल्न पदयात्रीहरु मनसुन पर्खिरहेका हुन्छन् । यो याममा गरिने घुमफिरको अनुभव बेग्लै खालको हुने बताउनुहुन्छ, पदयात्री सन्दीप शर्मा । हालै पूर्वीरुकुमको भूमे गाउँपालिका–१ स्थित चुङ्गीबुकी पुगेर फर्कनुभएका उहाँले त्यहाँको पाटनमा फूल्ने रङ्गीचङ्गी भूइँफूलले पर्यटकलाई लोभ्याउने गरेको बताउनुभयो ।

पर्यटक आगमनमा नयाँ रेकर्ड

पोखराको वरपरमा पर्ने अन्नपूर्ण संरक्षण क्षेत्रमा गत आवमा अहिलेसम्मकै धेरै पर्यटक भित्रिनुले पनि यस क्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गरेको छ । सो अवधिमा पाँच लाख आठ हजार चार सय ७६ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । आव २०८१/८२ को तुलनामा गत आवमा झण्डै दोब्बर बढी पर्यटक आएको संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो । सबैभन्दा धेरै तीन लाख ७५ हजार सात सय ९७ भारतीय, दोस्रोमा चिनियाँ १२ हजार पाँच सय ३९ र तेस्रोमा अमेरिकाका नौ हजार आठ सय ८४ पर्यटक यस क्षेत्रमा आएका हुन् । एक सय ६९ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयको आँकडाले देखाएको छ । यसमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन् । गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झण्डै तीन सय प्रतिशतले वृद्धि भएको थियो । भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको पर्यटन प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसार आदि कारणले भारतीय पर्यटक बढेका हुन् । तीमध्ये अधिकांश गर्मी छल्न पोखरा आउने गर्छन् ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- **सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,**
- **विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,**
- **आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,**
- **सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,**
- **चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,**
- **अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,**
- **संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,**
- **समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।**

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

# गत आवमा वैदेशिक व्यापार १५ दशमलव ८८ प्रतिशतले वृद्धि

काठमाडौँ । आर्थिक वर्ष २०८२/८३ मा मुलुकको वैदेशिक व्यापारको आकार रु २४ खर्ब ११ अर्ब ६६ करोड पुगेको छ । गत आवमा रु २० खर्ब ८१ अर्ब १५ करोड रहेको मुलुकको वैदेशिक व्यापार १५ दशमलव ८८ प्रतिशतले वृद्धि भई उक्त आकारमा पुगेको हो ।

भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार गत आवमा समग्र वैदेशिक व्यापारमा वृद्धि भएजस्तै व्यापार घाटासमेत बढेको छ । अघिल्लो आवको तुलना व्यापार घाटा १६ दशमलव ६३ प्रतिशतले बढेको छ । गत आवमा मुलुकको व्यापार घाटा बढेर रु १७ खर्ब ८१ अर्ब आठ करोड पुगेकामा अघिल्लो आवमा यो रकम रु १५ खर्ब २७ अर्ब नौ करोड थियो ।

विभागद्वारा सार्वजनिक विवरण अनुसार आव २०८१/८२ को तुलनामा गत आवमा आयात १६ दशमलव २० प्रतिशतले बढेको छ । अघिल्लो आवमा रु १८ खर्ब चार अर्ब १२ करोड बराबरको आयात भएकामा गत आवमा रु २० खर्ब ९६ अर्ब ३७ करोड पुगेको छ ।

त्यस्तै, अघिल्लो आवको तुलनामा गत आवमा निर्यात १३ दशमलव ८१ प्रतिशतले बढेको छ । अघिल्लो आवमा रु दुई खर्ब ७७ अर्ब तीन करोड बराबरको निर्यात भएकामा गत वर्ष रु तीन खर्ब १५ अर्ब २९ करोड बराबर पुगेको विभागले जनाएको छ ।

आव २०८१/८२ मा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६ दशमलव ६९ प्रतिशत रहेकामा यस्तो हिस्सा गत आवमा सामान्य बढेर ८६ दशमलव ९३ प्रतिशत पुगेको छ । त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा १३ दशमलव ३१ प्रतिशतबाट घटेर गत आवमा १३ दशमलव शून्य सात प्रतिशतमा सीमित भएको छ । सार्वजनिक विवरणअनुसार नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको छ । गत आवमा रु एक खर्ब ७२ अर्ब ४२ करोड बराबरको डिजेल आयात भएको छ । त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा रहेको छ । जसअन्तर्गत रु एक खर्ब ३२ अर्ब ७६ करोड बराबर भटमासको कच्चा तेल आयात भएको छ ।

यसैगरी, पेट्रोल रु ७७ अर्ब २६ करोड, एलपी ग्यास रु ६० अर्ब २८ करोड, फलाम तथा स्टिल उद्योगमा प्रयोग हुने अर्धप्रशोधित फलाम रु ५८ अर्ब ५२ करोडको तथा स्मार्टफोन रु ४८ अर्ब ६९ करोड बराबरको आयात भएको विभागले जनाएको छ ।

त्यस्तै, गत आवमा नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा बढी रहेको छ । विभागद्वारा सार्वजनिक तथ्याङ्कअनुसार स्वदेशबाट रु एक खर्ब २८ अर्ब ७४ करोड बराबरको भटमासको तेल निर्यात भएको छ । यसैगरी अलैँची रु १२ अर्ब ६४ करोड, ऊनीको गलैँचा रु १० अर्ब ३८ करोड, सूर्यमुखी तेल रु आठ अर्ब ९४ करोड र जुटका काँचो कपडा रु सात अर्ब १४ करोड बराबरको निर्यात भएको तथ्याङ्कमा उल्लेख छ ।

गत आवमा छिमेकी मुलुक भारतबाट मात्रै रु १२ खर्ब १० अर्ब ६० करोड बराबरको वस्तु आयात गरेको छ भने रु दुई खर्ब ५८ अर्ब ६५ करोड बराबरको निर्यात गरेको छ । यसअनुसार नेपालको व्यापार घाटा भारतसँग मात्रै रु नौ खर्ब ५१ अर्ब ९५ करोडभन्दा बढी रहेको देखिन्छ ।

त्यस्तै, नेपालले चीनबाट रु चार खर्ब २५ अर्ब २४ करोड बराबरका वस्तु आयात गरेकामा रु एक अर्ब ८९ करोड बराबरको वस्तु मात्रै निर्यात गरेको छ । चीनसँगको नेपालको व्यापार घाटा रु चार खर्ब २३ अर्ब ३५ करोड बराबरको छ । सार्वजनिक विवरणअनुसार गत आवमा सबैभन्दा बढी वीरगञ्ज नाकाबाट रु नौ खर्ब ८६ अर्ब ४३ करोड अर्थात् कुल आयातको ४७ दशमलव शून्य पाँच प्रतिशत बराबरको वस्तु आयात भएको छ ।

त्यस्तै, भैरहवा नाकाबाट रु तीन खर्ब चार अर्ब १७ करोड (१४ दशमलव ५१ प्रतिशत), विराटनगर नाकाबाट रु दुई खर्ब ४१ अर्ब ९६ करोड (११ दशमलव ५४ प्रतिशत) र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नाकाबाट रु दुई खर्ब तीन अर्ब ५१ करोड (नौ दशमलव ७१ प्रतिशत) बराबरका वस्तु आयात भएका छन् ।

निर्यातमा पनि वीरगञ्ज नाका अग्रस्थानमा छ । यहाँबाट रु एक खर्ब १४ अर्ब ८५ करोड अर्थात् कुल निर्यातको ३६ दशमलव ४३ प्रतिशत बराबरका वस्तु विदेश निर्यात भएको छ । त्यस्तै विराटनगर नाकाबाट रु ८८ अर्ब ७२ करोड (२८ दशमलव १४ प्रतिशत) र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नाकाबाट रु ३७ अर्ब ९४ करोड (१२ दशमलव शून्य तीन प्रतिशत) बराबरका वस्तु निर्यात भएको विभागको तथ्याङ्कमा उल्लेख छ ।

# लोकतान्त्रिक परिवर्तनको अगुवाइ राजनीतिक दलबाटै भएको हो : अध्यक्ष ओली



काठमाडौँ । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जनताको अधिकार स्थापना र लोकतान्त्रिक परिवर्तनको अगुवाइ राजनीतिक दलबाट नै भएको बताउनुभएको छ ।

एमालेको 'राजधानी प्रदेश कमिटी' ले ४८औँ पुष्पलाल श्रेष्ठ स्मृति दिवसका सन्दर्भमा बिहीबार आयोजना गरेको 'संविधानको रक्षा र लोकतन्त्रको सुदृढीकरणमा संविधान निर्माता मुख्य दलहरूको भूमिका र दायित्व' विषयक कार्यक्रममा अध्यक्ष ओलीले वर्तमान अवस्थामा नयाँ र पुराना दलका नाममा गरिने बहसले घरघरमा विवाद र विभाजन ल्याउने बताउनुभयो ।

राजनीतिक दलहरूले समयानुकूल परिवर्तन हुने चेत बोक्ने भएकाले कठिन परिस्थितिमा पनि निरन्तर लड्न र उठ्न सक्ने अध्यक्ष ओलीको दाबी छ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता नारायणकाजी श्रेष्ठले विगतमा जनताले जिम्मेवारी दिँदा पनि आफूहरूले सोचे जसरी काम गर्न नसकेको विषयमा आत्मसमीक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले अहिलेको अवस्थामा देशभक्त शक्ति, कम्युनिष्ट र वामपन्थीहरूबीच एकता र सहकार्य गर्न सकेमा पुष्पलालप्रति साँचो श्रद्धाञ्जली हुने बताउनुभयो ।

नेपाली कांग्रेसका नेता एवं वरिष्ठ अभिवक्ता राधेश्याम अधिकारीले लोकतन्त्र र संविधानमाथि आउन सक्ने कुनै पनि चुनौतीको राजनीतिक दलहरू मिलेर सामना गर्नुको विकल्प नभएको बताउनुभयो ।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले विगतका कमजोरी र प्राप्तिको समीक्षा गर्दै लोकतन्त्र र संविधानको रक्षाका लागि राजनीतिक दलहरू नै अग्रमोर्चामा आउनुपर्ने बताउनुभयो ।

# नारायणी लिफ्टको १३ किलोमिटर नहर अतिक्रमणमा

चितवन । नारायणी लिफ्ट सिँचाइ आयोजनाको झण्डै १३ किलोमिटर नहर अतिक्रमणमा परेको छ । नहर भरतपुर महानगरपालिकाको सहरी क्षेत्र भएर बग्छ । नहरको जग्गा विभिन्न व्यक्ति, सङ्घसंस्था, समूह, र सरकारी निकायले वर्षौंदेखि ओगटेका छन् । अतिक्रमण बढेपछि लिफ्ट सिँचाइअन्तर्गत 'सी' नहर हराएर नक्सामा सीमित बन्नपुगेको छ ।

भरतपुर महानगरपालिका-१ मा पर्ने नारायणी लिफ्ट सिँचाइ विसं २०४० बाट सञ्चालनमा आएको थियो । लिफ्ट सिँचाइ प्रणालीअन्तर्गत नहर 'ए' बाट नारायणीको पानी तानेर नहर 'बी' र नहर 'सी' मार्फत सिँचाइका लागि छोडिन्छ ।

बी र सी नहरका शाखा नहरबाट पानी तानेर किसानले खेतबारी सिँचाइ गर्दै आएका छन् ।

भरतपुर महानगरपालिका-११ बर्सेनि, रामबागसम्मको १३ किलोमिटर लामो 'सीएल वान' नहरको अधिकांश जमिन अतिक्रमणमा परेको छ । नारायणी लिफ्ट जल उपभोक्ता समितिका अध्यक्ष पूर्णबहादुर रानाभाटले खेतीयोग्य जमिन घडेरीमा परिणत हुने अवस्था आएपछि नहरको संरक्षणमा स्थानीयको चासो कम हुँदै गएको बताउनुभयो । नारायणी लिफ्ट खगेरी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख कुलराज चालिसेले अतिक्रमण भएको क्षेत्रमा नहरबाट पुनः पानी सञ्चालनको सम्भावना नरहेको बताउनुभयो । उहाँले सीञ्चित हुने क्षेत्र खण्डीकरण भइसकेकाले नहरको जमिनलाई स्थानीय सरकारले विधि बनाएर उपयोग गर्न सुझाव दिनुभयो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सार्वजनिक जग्गाको रेखदेख र संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।

नारायणी लिफ्टको अन्य नहर पनि ठाउँठाउँमा अतिक्रमणमा परेको छ । सुरुमा चार हजार ७०० हेक्टरमा सिँचाइ हुँदै आएकोमा अहिले त्यो क्षेत्र घटेर तीन हजार २०० हेक्टरमा सीमित भएको छ ।

# कोशीमा ७४ प्रतिशत धान रोपाइँ

विराटनगर । कोशी प्रदेशमा यही साउन ४ गतेसम्ममा कूल ७३ दशमलव ९४ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

कोशी प्रदेशको कृषि, उद्योग तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत अभिमन्यू अधिकारीका अनुसार १४ जिल्ला रहेको प्रदेशको उच्च पहाडका तीन जिल्ला ताप्लेजुङ, सङ्खुवासभा र सोलुखुम्बू गरी १५ हजार ३८३ हेक्टर धान लगाउने क्षेत्रमध्ये नौ हजार २४१ हेक्टरमा धान रोपाइँ गरिएको छ । कोशी प्रदेशको मध्य पहाडका आठ जिल्ला पाँचथर, इलाम, भोजपुर, तेह्रथुम, धनकुटा, उदयपुर, ओखलढुङ्गा र खोटाङ गरी ६७ हजार ७१७ हेक्टर धान लगाउने क्षेत्रमध्ये ४८ हजार ७६६ हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ । यस्तै कोशी प्रदेश तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरी गरी एक लाख ९३ हजार २८५ हेक्टर धान लगाउने क्षेत्रमध्ये कूल एक लाख ४६ हजार ३४२ हेक्टरमा धान रोपाइँ सम्पन्न भएको कृषि प्रसार अधिकृत अधिकारीले बताउनुभयो ।

कोशी प्रदेशमा आठ लाख २६ हजार ६४६ हेक्टर जग्गा कृषियोग्य रहेको तथ्याङ्क छ ।

# विमानस्थलबाट आठ किलो गाँजासहित दुई पक्राउ

काठमाडौँ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट आठ किलो गाँजासहित दुई जना पक्राउ परेका छन् । भारतको मणिपुर घरका २० वर्षीया मोनादेवी ह्लाजोम र २३ वर्षीया ओनियम एली बिहीबार गाँजासहित पक्राउ परेका हुन् ।

लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गौचरबाट खटिएको प्रहरीले थाई एयरवेजको उडानद्वारा बैङ्ककबाट काठमाडौँ आएका उनीहरूको 'सुटकेस' तलासी गर्दा उक्त गाँजा फेला पारी पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यसैबीच, नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित ३३ जना पक्राउ गरेको छ । प्रहरी समाचार कक्षका अनुसार बाँकेबाट छ, जुम्ला, मोरङ, कञ्चनपुर, चितवन र दाङबाट तीन/तीन, रुपन्देही र काठमाडौँबाट दुई/दुई, सुर्खेत, बर्दिया, कैलाली, सर्लाही, भक्तपुर, बारा, सल्यान र सुनसरीबाट १/१ जना पक्राउ परेका छन् । उनीहरुबाट लागु- औषध खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइन ट्रामाडोल, भोमिन र एनारगन बरादम गरेको छ ।

# चलचित्र क्षेत्रलाई उद्योगको मान्यता दिने विषयमा छलफल

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाली चलचित्र क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिलाउन आवश्यक नीतिगत पहल अघि बढाइने बताउनुभएको छ ।

चलचित्र क्षेत्रका समस्या, विकास, प्रवर्द्धन तथा उद्योगका रूपमा मान्यता दिलाउने विषयमा चलचित्रकर्मीसँग बिहीबार मन्त्रालयमा भएको छलफलमा उहाँले चलचित्रलाई सिर्जनात्मक तथा आर्थिक गतिविधिसँग जोडिएको उद्योगका रूपमा विकास गर्न सरकार सकारात्मक रहेको स्पष्ट पार्नुभयो ।

छलफलमा चलचित्र निर्देशक एवं केन्द्रीय चलचित्र जाँच समिति सदस्य मनोज पण्डित, नेपाल चलचित्र निर्माता सङ्घका महासचिव खगेन्द्र लामिछाने, निर्देशक तथा निर्माता निश्चल बस्नेत र निर्माता एवं छायाकार शैलेन्द्रध्वज कार्की सहभागी हुनुहुन्थ्यो । सहभागीहरूले नेपाली चलचित्र क्षेत्रका विद्यमान समस्या, लगानी संरक्षण, उत्पादन लागत न्यूनीकरण, अन्तरराष्ट्रिय बजार विस्तार, राज्यबाट उपलब्ध हुनुपर्ने सेवा-सुविधा तथा चलचित्रमैत्री नीतिगत सुधारका विषयमा सुझाव प्रस्तुत गर्नुभयो ।

चलचित्रकर्मीहरूले चलचित्रलाई उद्योगको मान्यता प्रदान गरिए राज्यबाट प्राप्त हुने सहुलियत, प्रोत्साहन तथा अन्य सेवा-सुविधामा सहज पहुँच स्थापित हुने भएकाले यसलाई सर रले प्राथमिकतामा राखी सकारात्मक पहल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँहरूले यस्तो निर्णयले नेपाली चलचित्र क्षेत्रको दीर्घकालीन विकास, लगानी विस्तार र व्यावसायिक स्थायित्वका लागि महत्वपूर्ण आधार तयार हुने विश्वास व्यक्त गर्नुभयो । चलचित्र क्षेत्रबाट राज्यले ठूलो राजस्व सिर्जना गर्नसक्ने सम्भावना भएकाले यस क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिनुपर्ने उहाँहरूको भनाइ छ ।

चलचित्रकर्मीका सुझावप्रति सकारात्मक प्रतिक्रिया दिँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र क्षेत्रलाई उद्योग सरह मान्यता दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गरी नीतिगत व्यवस्था मिलाइने प्रतिबद्धता जनाउनुभयो । चलचित्र क्षेत्रको दीर्घकालीन विकासका लागि सम्बन्धित सबै मन्त्रालयबीच निरन्तर सहकार्य गर्दै आवश्यक निर्णयमा पुगिने उहाँको भनाइ छ ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपाली सिनेमा मनोरञ्जनको माध्यमसँगै, भाषा, संस्कृति प्रवरेद्धन गर्ने र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउने सिर्जनात्मक उद्योगका रूपमा विकास गरिने बताउनुभयो । चलचित्रलाई औद्योगिक उत्पादन तथा निर्यातजन्य वस्तु/सेवाका रूपमा स्थापित गर्न सरकारले आवश्यक पहल गर्ने उल्लेख गर्दै उहाँले यसबाट अन्तरराष्ट्रिय बजार विस्तार, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र उत्पादनलाई प्रोत्साहन गर्न निर्माता तथा उत्पादनकर्ताका लागि आवश्यक सेवा-सुविधा उपलब्ध गराउने, चलचित्र निर्माणका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सम्बन्धित निकायसँग पहल गर्ने तथा आवश्यक कानुनी र वित्तीय व्यवस्था आर्थिक विधेयकमार्फत समावेश गराउन पहल गरिने जानकारी दिनुभयो । लगानीमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत सुधार र वित्तीय व्यवस्थामा पनि सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले चलचित्र कला, भाषा, संस्कृति र राष्ट्रिय पहिचानको



प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम भएको उल्लेख गर्दै यसले नेपालको अन्तरराष्ट्रिय छवि सुदृढ बनाउन र राजस्व अभिवृद्धिमा योगदान पुर्याउने धारणा राख्नुभयो । यही महत्त्वलाई दृष्टिगत गर्दै सरकारले चालु आर्थिक वर्षमा चलचित्र क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

उक्त बजेट प्रभावकारी रूपमा परिचालन गर्न चलचित्र अनुदानसम्बन्धी कार्यविधि यथाशीघ्र तयार गरिने जनाउँदै उहाँले कार्यविधिलाई व्यावहारिक, पारदर्शी र प्रभावकारी बनाउन चलचित्रकर्मी तथा सरोकारवालाबाट सुझाव सङ्कलन गरिने बताउनुभयो ।

मन्त्रालयले चलचित्र क्षेत्रसँग निरन्तर संवाद र सहकार्यलाई अघि बढाउँदै आवश्यक नीतिगत सुधारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने सञ्चारमन्त्री तिमिल्सिनाले उल्लेख गर्नुभयो ।

छलफलका क्रममा चलचित्र कर्मीहरूले यस क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिलाउने सरकारी पहल नेपाली चलचित्र क्षेत्रका लागि ऐतिहासिक कदम हुने उल्लेख गर्दै यसले संस्थागत विकास, लगानी विस्तार, अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा चलचित्र उद्योगको समग्र सुदृढीकरणमा नयाँ आधार निर्माण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

## विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तता बढाउँदै दलीय भागबण्डा अन्त्य गर्न मन्त्री पोखरेलको आग्रह

काठमाडौँ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तता बढाउँदै दलीय भागबण्डा अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको छ ।

त्रिभुवन विश्वविद्यालयको ६७औँ वार्षिकोत्सवका अवसरमा बिहीबार कीर्तिपुरमा आयोजित कार्यक्रममा सहकुलपति पोखरेलले सुधार र रुपान्तरणको दृष्टिकोणसहित सबै विश्वविद्यालयमा उपकुलपतिहरु नियुक्त भएसँगै विश्व-विद्यालयहरु गतिशिल भइरहेको बताउनु भयो । उहाँले त्रिविको पुरानो पहिचान कायम राख्दै नयाँ अध्यायको प्रारम्भ गर्ने, प्राज्ञिक स्वायत्ततालाई थप प्रोत्साहन गर्दै दलीय भागबण्डाको अन्त्य गर्ने र योग्यता प्रणाली कार्यान्वयन गर्न आग्रह गर्नुभयो । विश्वविद्यालयहरुमा सरकारबाट कुनै पनि प्रकारको हस्तक्षेप वा दबाब नहुने उल्लेख




गर्दै मन्त्री पोखरेलले नवनियुक्त उपकुलपतिलगायत विश्वविद्यालयको सम्पूर्ण संयन्त्रलाई सुशासनको प्रत्याभूति हुनेगरी काम गर्न अनुरोध गर्नुभयो । उहाँले अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन र त्रिविका प्राध्यापकहरुलाई विश्वका विश्वविद्यालयहरू सँग ज्ञान आदानप्रदान गर्न सुझाउनुभयो ।

विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापाले उच्च शिक्षाको ऐतिहासिक निकाय तथा उच्च शिक्षाको राष्ट्रिय धरोहरका रुपमा परिचित त्रिभुवन विश्व-विद्यालयलाई बदलिँदो परिस्थितिअनुरुप थप गुणस्तरीय बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले सुशासन कायम गर्न प्रणाली स्थापना गर्ने, विश्वस्तरमा सहकार्यमा जोड दिइ ज्ञान, अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित भई नैतिक तथा प्रतिस्पर्धी शैक्षिक संस्थाका रुपमा अघि बढाउने बताउनुभयो । हिजै त्रिविको वार्षिक प्रकाशनसमेत विमोचन गरिएको थियो ।

## औषधिको मूल्य समायोजन प्रक्रिया अघि बढाउँदै सरकार

काठमाडौँ । क्यान्सर तथा अन्य केही गम्भीर रोगको उपचारमा प्रयोग हुने औषधिको बेलाबेलामा देखिने अभावलाई स्थायी रूपमा समाधान गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको छ । कच्चा पदार्थको मूल्यमा हुने उतार चढावका कारण औषधि अभाव हुने समस्या समाधान गर्न औषधिको मूल्य समायोजन लगायत उपाय अवलम्बन गर्ने तयारी गरिएको हो ।

गत साता औषधि व्यवस्था विभागकी निमित्त महानिर्देशक शिवानी खड्गीको अध्यक्षतामा बसेको मूल्य अनुगमन समितिको बैठकले अत्यावश्यक औषधिको अभाव हुन नदिन मूल्य समायोजनसहित आवश्यक नीतिगत सुधार अघि बढाउने निर्णय गरेको थियो । निमित्त महानिर्देशक खड्गीका अनुसार विगत ११ वर्षदेखि औषधिको मूल्य समायोजन नभएका कारण केही औषधिको आपूर्तिमा समस्या देखिएको छ । उहाँका अनुसार केही औषधिको बजार मूल्य सरकारले तोकेको मूल्यभन्दा धेरै बढिसकेकाले उत्पादक तथा आयातकर्ताले पुरानै मूल्यमा बिक्री गर्न नसक्दा बजारमा अभाव सिर्जना भएको छ ।

अर्कोतर्फ, केही औषधिको बजार मूल्य घटिसकेको भए पनि सरकारले निर्धारण गरेको मूल्य अझै उच्च रहेकाले ती औषधिको मूल्य घटाउनुपर्ने अवस्था पनि रहेको छ । मूल्य समायोजनसम्बन्धी मूल्य अनुगमन समितिको सिफारिस स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्रीको अध्यक्षतामा बस्ने औषधि परामर्श परिषद्मा पेस गरिने कानुनी व्यवस्था छ । परिषद्बाट स्वीकृत भएपछि प्रस्ताव मन्त्रिपरिषद्मा पठाइनेछ ।

मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि निर्णय नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आउनेछ । करिब दुई साताअघि बजारमा क्यान्सर उपचारमा प्रयोग हुने प्लाटिनम समूहका कार्बोप्लाटिन र सिस्प्लाटिनलगायत औषधि तथा सलाइनमार्फत दिइने केही इन्जेक्सन औषधिको अभाव देखिएको थियो । यसले उपचाररत बिरामीलाई आवश्यक औषधि सहज रूपमा उपलब्ध गराउन चुनौती सिर्जना गरेको थियो ।

नेपालमा औषधिको मूल्य निर्धारण तथा समायोजन गर्दा भारतको नेशनल 'फार्मास्युटिकल प्राइसिङ अथोरिटी'ले निर्धारण गरेको सिलिङ मूल्यलाई आधार मान्ने अभ्यास रहँदै आएको छ । यसअघिका मूल्य निर्धारण प्रक्रियामा पनि यही आधार अपनाइएको थियो ।

खड्गीले मूल्य समायोजनको प्रक्रिया कानुनी रूपमा अघि बढिरहे पनि तत्कालका लागि बजारमा औषधिको अभाव हुन नदिन सरकार औषधि उत्पादक, आयातकर्ता तथा व्यवसायीसँग निरन्तर संवादमा रहेको बताउनुभयो । उनीहरूका समस्या र अप्ठ्यारा सुनेर आवश्यक सहजीकरण गर्ने कामसमेत जारी रहेको उहाँको भनाइ छ ।

## नेपाल र सिचुआन प्रान्तबीच संस्कृति र पर्यटन प्रवर्द्धन गरिने

काठमाडौँ । नेपाल र चीनको सिचुआन प्रान्तबीच संस्कृति/पर्यटन प्रवर्द्धनमा हातेमालो गरेर अघि बढ्नुपर्ने सरोकारवालाले बताएका छन् । सिचुआन प्रान्तीय संस्कृति र पर्यटन विभागले बिहीबार आयोजना गरेको चीन (सिचुआन)-नेपाल सांस्कृतिक र पर्यटन उद्योग आदान-प्रदानसभाका वक्ताहरूले दुवै मुलुकबीच कला, संस्कृति र पर्यटनको आदानप्रदान गरेर पर्यटनको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

चीनको सिचुआन प्रान्त संस्कृति र पर्यटन विभागका महानिर्देशक चेन गुआङ्हाओले सिचुआन र नेपालबीच समन्वय र सहकार्य गरेर कलासंस्कृतिको आदानप्रदान र पर्यटन प्रवर्द्धनमा सहकार्य र समन्वय गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

"नेपाल हिमशृङ्खला र पदयात्राको पर्यटनको उच्च सम्भावना बोकेको मुलुक हो । त्यसैले हामी दुवैबीच सहकार्य गरेर कलासंस्कृतिको आदानप्रदान र पर्यटन प्रवरद्धन गर्दै अघि बढ्नुपर्ने बेला भइसकेको छ", उहाँले भन्नुभयो, "नेपालबाट सिचुआन प्रान्त तीन घण्टाकै दूरीमा पुग्न सकिन्छ ।

सिचुआनमा पनि हिमशृङ्खला, पान्डाजस्ता पर्यटकीय आकर्षण भएकाले पनि भ्रमण गर्न अनुरोध गर्दछौँ ।"

महानिर्देशक गुआङ्हाओले सन् २०२५ मा सिचुआनमा एक अर्ब १९ करोड आन्तरिक पर्यटकले भ्रमण गरेको बताउनुभयो । "सिचुआन पहाडी भू-भाग र मनोरम हिमशृङ्खला भएकाले पनि भ्रमण गर्नका लागि अनुरोध गर्दछौँ", उहाँले भन्नुभयो ।

सूचना तथा प्रसारण विभागका महानिर्देशक छवीन्द्र पराजुलीले नेपाल र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध कायम राख्दै दुवै मुलुकबीच सांस्कृतिक र आर्थिक रूपमा पनि आदानप्रदान गर्नुपर्ने बताउनुभयो । "चीनको सरकारी तथा निजी क्षेत्रबाट नेपालको पर्यटनदेखि अन्य विविध क्षेत्रमा लगानी प्रवर्द्धन गर्नका लागि अनुरोध गर्दछौँ", उहाँले भन्नुभयो, "नेपालमा पर्यटकीय प्रचुर सम्भावना भएकाले पनि चिनियाँ पर्यटकलाई नेपाल भ्रमण गर्न आह्वन गर्दछु ।"

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा रामकुमार फुयाँलले नेपाल र चीनबीच सांस्कृतिक आदानप्रदानलाई अब अन्य क्षेत्रमा विस्तार गर्नका लागि आग्रह गर्नुभयो । "नेपालको ऊर्जा, उद्योगधन्दा र कल-कारखाना लगायत क्षेत्रमा चिनियाँ लगानी भित्र्याउनका लागि आह्वान गर्दछु", उहाँले भन्नुभयो, "नेपालमा लगानीको प्रचुर सम्भाव्यता बोकेका क्षेत्र भएकाले पनि ढुक्क भएर लगानी गर्न सक्नुहुनेछ ।"

उहाँले नेपालको पर्यटकीय क्षेत्रमा लगानीको साथसाथै भ्रमण गर्न पनि आउनका लागि अनुरोध गर्नुभयो । सिचुआन एयरलाइन्स नेपालका प्रतिनिधि सुन छाङचेउले सिचुआन एयरलाइन्सले गुणस्तरीय र सुलभ सेवा प्रदान गर्दै आइरहेको बताउँदै निकट भविष्यमा एयरबसबाट उडान गर्र्ने तयारीमा जुटेको बताउनुभयो ।

सोही क्रममा बोल्नुहुँदै उहाँले दुवै मुलुकका पर्यटन क्षेत्रसँग सम्बन्धितले आआफ्नो मुलुकको पर्यटकीय सम्भावना बोकेका क्षेत्रको जानकारी गराउन दुवै मुलुकमा भ्रमण गर्नका लागि अनुरोध समेत गरेका छन् ।

## पूर्वाधार न्यायाधीकरणसम्बन्धी विधेयकलाई अन्तिम रूप दिइँदै

काठमाडौँ । पूर्वाधार निर्माण तथा विकाससम्बन्धी आयोजना समयमै सम्पन्न गर्न 'पूर्वाधार न्यायाधीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई अन्तिम रूप दिने विषयमा छलफल भएको छ ।

आयोजनासँग सम्बन्धित मुद्दा-मामिलाको छिटोछरितो निरूपणका लागि तयार गरिएको सो प्रस्तावित विधेयकमाथि बिहीबार सरोकारवालापक्षसँग छलफल भएको हो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा भएको उक्त छलफलमा पूर्वाधार विकासमन्त्री सुनील लम्साल, राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजङ्ग थापा, पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, कानुन मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानालगायत सहभागी हुनुहुन्थ्यो ।

कानुन मन्त्रालयले पूर्वाधार निर्माण तथा विकाससम्बन्धी आयोजना समयमै सम्पन्न गर्न तथा मुद्दा-मामिला छिटोछरितो निरूपणका लागि आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधारका विषयमा विस्तृत अध्ययन गर्न अध्ययन समिति गठन गरेको थियो । उक्त समितिले सुझावसहितको प्रतिवेदन मन्त्रालयमा पेस गरेको थियो ।

सोही प्रतिवेदन सिफारिसका आधारमा उक्त विधेयक तयार गरिएको र छलफलपछि विधेयकलाई थप परिमार्जन गरी अन्तिम रूप दिने विषयमा विस्तृत छलफल भएको मन्त्रालयले जनाएको छ ।

## नेप्से परिसूचक १४ दशमलव १७ अंकले बढ्यो

काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार दोहोरो अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार बिहीबार नेप्से परिसूचक १४ दशमलव १७ अङ्कले बढेर दुई हजार ७२६ दशमलव १७ मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९८ अङ्कले बढेर ४७१ दशमलव ३० मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ७३ अङ्कले बढेर १८६ दशमलव ५८ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शूल्य दशमलव २९ अङ्कले बढेर १५९ दशमलव ७३ मा पुगेको छ । बिहीबार विभिन्न कम्पनीका एक करोड ७७ हजार २२२ कित्ता सेयर रु चार अर्ब ६९ करोड ३४ लाख ४९ हजार ३७० मूल्यमा खरिद बिक्री भएको छ । बिहीबार १३ उपसमूहमध्ये ११ उपसमूह बढ्दा दुई वटा घटेका छन् । बिहीबार १५३ कम्पनीको सेयर कारोबार बढेको छ भने १११ कम्पनीको सेयर घट्नुका साथै १२ कम्पनीको सेयर स्थिर रहेको हो । नेप्सेका अनुसार बिहीबार एभरेष्ट कलर लिमिटेड, स्नो रिभर लिमिटेड र अपोलो हाइड्रोपावर कम्पनीका लगानी-कर्ताले कमाएका छन् । त्यस्तै, कुथेली बुखरी स्मल हाइड्रोपावर, रिलाइन्स स्पिनिङ मिल्सका लगायत कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

## बाँझो जग्गा उपयोगमा ल्याउन भूमि बैंक सञ्चालन हुँदै

काठमाडौँ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा भूमि बैंक सञ्चालन गर्ने प्रक्रिया अघि बढाएको छ ।

उपयोगमा नरहेका तथा बाँझो निजी जग्गालाई उत्पादनमूलक क्षेत्रमा प्रयोगमा ल्याउने उद्देश्यले सो प्रक्रिया अघि बढाइएको भूमि व्यवस्थामन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको छ । मन्त्रालयले सार्वजनिक गरेको सूचनामा भूमि उपयोग ऐन, २०७६ र भूमि उपयोग नियमावली, २०७९ (तेस्रो संशोधन, २०८२)ले गरेको कानुनी व्यवस्थाअनुसार स्थानीय तहमार्फत प्रयोगविहीन निजी जग्गालाई उपयोगमा ल्याउन सकिने जनाइएको हो ।

## भन्सार छलेर ल्याइएका लत्ताकपडा बरामद

भद्रपुर (झापा) । भन्सार छलेर भारतबाट अवैध रूपमा नेपाल भित्र्याउँदै गरेका रु सात लाख बढी मूल्यका लत्ताकपडा बरामद गरिएको छ ।

सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी निरीक्षक बाबुकाजी कटवालको नेतृत्वमा खटिएको टोलीले मेचीनगर नगरपालिका-८ मेची बस्ती क्षेत्रमा रिक्सामा राखेर नेपालतर्फ ल्याइँदै गरेको २४ बोरा लत्ताकपडा नियन्त्रणमा लिएको हो ।

बरामद गरिएका लत्ताकपडा मेची भन्सार कार्यालय, काँकडभिट्टामा बुझाइएको छ । भन्सार कार्यालयले उक्त सामानको भन्सार मूल्य रु सात लाख ३१ हजार ४९० कायम गरेको सशस्त्र प्रहरी नायब उपरीक्षक सुमन पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार अवैध चोरी-निकासी तथा पैठारीजन्य गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरी बल नेपालको सक्रियता जारी छ ।

## कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा कानुन सुधार वर्ष सफल पार्न उच्चस्तरीय समिति

काठमाडौँ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले घोषणा गरेको 'कानुन निर्माण तथा सुधार वर्ष' अभियान सफल बनाउनका लागि उच्चस्तरीय समिति गठन गरिएको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले आर्थिक वर्ष २०८३/८४ लाई 'कानुन निर्माण तथा सुधार वर्ष' घोषणा गर्नुभएको थियो । उच्चस्तरीय समितिले प्रचलित कानुनहरूको पुनरावलोकन, संशोधन, खारेजी, संविधानबमोजिम नयाँ कानुन निर्माणका लागि आवश्यक सिफारिस गर्नेछ । उच्चस्तरीय समितिको अध्यक्षमा मन्त्री गौतम रहनुहुनेछ । समितिमा विषयगत मन्त्री, महान्यायाधिवक्ता, नेपाल बार एशोसिएसनका अध्यक्ष, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिव, सम्बन्धित मन्त्रालयका सचिव, नेपाल कानुन आयोगका सचिव तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य सचिव रहनुहुनेछ ।

मन्त्रालयले यो निर्णय मार्फत कानुन निर्माण तथा सुधारलाई व्यवस्थित, समयबद्ध र प्रभावकारी बनाउँदै संविधान अनुकूल, जनमैत्री र समसामयिक कानुनी प्रणाली निर्माण गर्ने लक्ष्य लिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com